# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड४५) काठमाडौं, पुस १७ गते २०५२ साल (संख्या ३७

## भाग ४

### श्री ५ को सरकार
### मन्त्रिपरिषद् सचिवालयको
### सूचना १

परराष्ट्र मन्त्रालयका सचिव श्री केदारभक्त श्रेष्ठ डिसेम्बर १५, १९९५ देखि १७ डिसेम्बरसम्म भारतको नयाँदिल्लीमा सम्पन्न हुने दक्षिण एशियाली क्षेत्रिय सहयोग संगठन (सार्क) *standing committee* को बैठक तथा डिसेम्बर १८-१९, १९९५ मा सम्पन्न हुने सार्क मन्त्रिस्तरीय बैठकमा भाग लिन मिति २०५२।८।२९ गतेदेखि नयाँदिल्लीतर्फ जानुभएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका सह-सचिव श्री मुरारीराज शर्मालाई मिति २०५२।८।२९ गतेदेखि कायम मुकायम मुकरर गरेको छ ।

### सूचना २

राष्ट्रिय योजना आयोगको सचिवालयका सचिव श्री रवीन्द्रकुमार शाक्य थाइल्याण्डको राजधानी बैंककमा संचालन हुने रिजनल सेमिनार अन पपुलेशन एजिङ एण्ड डेभलपमेण्ट विषयक सेमिनारमा भाग लिन त्यसतर्फ जानुभएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०५० को

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

नियम ४३ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही सचिवालयका का. मु. विशेष सचिव श्री इन्द्रकुमार श्रेष्ठ-लाई २०५२।८।२४ देखि कायम मुकायम मुकरर गरेको छ ।

आज्ञाले,
बलरामसिंह मल्ल
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## राष्ट्रिय योजना आयोगको सचिवालयको

### सूचना १

श्री ५ को सरकारले निजामती सेवा नियमावली, २०५० को नियम १०४ ले दिएको अधिकार प्रयोग गरी यस सचिवालयका उपसचिव श्री श्यामविनोद अर्यालको सेवा अवधि ३० वर्ष पुग्ने मिति २०५२।९।६ बाट निज ५८ वर्ष पुग्ने अवधिसम्मको लागि सेवा अवधि थप गरेको छ ।

### सूचना २

श्री ५ को सरकारले निजामती सेवा नियमावली, २०५० को नियम १०४ ले दिएको अधिकार प्रयोग गरी यस सचिवालयका शाखा अधिकृत श्री रामेश्वरराज कारंजितको सेवा अवधि ३० (तीस) वर्ष पूरा भै थप भएको २ वर्ष अवधि समेत पूरा हुने मिति २०५२।१०।२९ देखि सोही नियमबमोजिम पुनः २ वर्षको सेवा अवधि थप गरेको छ ।

आज्ञाले,
ईन्द्रकुमार श्रेष्ठ
का. मु. विशेष सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

822